परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरूमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

❑ वर्ष १२ ❑ अंक ३ २०८० श्रावण २१ गते आईतवार Sunday 6, AUG 2023 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

### बलात्कार र लागुऔषध मुद्दामा सजाय भुक्तान गरेका

# दुई यूवा पुन : हत्या अभियोगमा

विराटनगर । लागुऔषध प्रयोग गरेकै कारण मानिस अपराधिक घटनामा लाग्ने गरेका छन् । लागुऔषध प्रयोग गरेकै कारण दुई यूवाले बलात्कार र लागुऔषध मुद्दामा सजाय भुक्तान गरी जेल जीवनवाट रिहा भएका पुन: हत्या अभियोगमा प्रहरीले पक्राउ गरेका छन् ।

सुनसरीको ईटहरी नगर पालिका-२० सेउती पुलमा श्रावण ५ गते बिराटनगरका रोहित चौधरीलाई गोली प्रहार गरी फरार रहेका २ जनालाई पक्राउ गरी कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरमा पत्रकार सम्मेलन गरी सार्वजानिक गरेपछि लागुऔषध प्रयोगकै कारण अपराधीक गतिविधीमा लाग्ने कुरा खुलेको छ ।

चौधरीको हत्या अभियोगमा पक्राउ परेका मोरंग लेटाङ नगरपालिका वडा नं. १ का ३५ वर्षिय दिपक तिमिल्सिना र जिल्ला सुनसरी धरान उपमहानगर पाकिल वडा नं. १० का ३४ वर्षिय अनसन राई पहिले देखिनै लागुऔषध प्रयोग कर्ता भई अपराधीक घटनामा संलग्न रहको खुलेको छ ।



हत्या र लुटपाटमा संलग्न तिम्सिना र तामाङ

उनीहरुले श्रावण ५ गते साँझ धरानबाट ईटहरी जाँदै गरेको को. ३२ प १७९६ नम्बरको मोटरसाईकल रोकेर मोटरसाईकलमा सवार रहेका चालक बिराटनगर-५ कोचा खालका २८ बर्षीय रोहित चौधरी र बिराटनगर-३ की सुमना खत्रीलाई पेस्तोल तथा खुकुरी देखाई जबरजस्ती लुटपाट गर्ने क्रममा प्रतिकार गर्दा चौधरीलाई गोली प्रहार गरी फरार भएका थिए । कोखामा गोली लागेर गम्भिर घाईते भएका चौधरीको सोही दिन उपचारको क्रममा बि.पी.कोईराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान धरानमा मृत्यु भएको थियो ।

घटनाबारे जानकारी पाए लगत्तै फरार ब्यक्तिहरुको खोजतलासमा खटिएको प्रहरी टोलीले सुक्ष्म अनुसन्धान गर्ने क्रममा घटनामा संग्लग्न २ जनालाई श्रावण १६ गते धरानकै पुतली लाईनबाट पक्राउ गरी श्रावण १७ गते पत्रकार सम्मेल मार्फत सार्वजानिक गरेको थियो ।

पक्राउ परेका मध्ये तिमिल्सिना अपाङ्ग भएकी महिलालाई बलात्कार गरेको जवरजस्ति करणी मुद्धामा १० बर्ष कैद भुक्तान गरि २ महिना अगाडि छुटेको थियो ।

त्यसैगरी तामाङ लागु-औषध मुद्धामा ६ महिना कैद भुक्तान गरि २ बर्ष अगाडि छुटेको तथा दुबै जना लागु-औषध दुर्व्यवसनी रहेको अनुसन्धानको क्रममा खुल्न आएको छ ।

उक्त घटना अनुसन्धानको लागी कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरका प्रहरी बरिष्ठ उपरीक्षक जयराज सापकोटाको संयोजकत्वमा नेपाल प्रहरी प्रदेश कार्यालय धरान, जिल्ला प्रहरी कार्यालय सुनसरी र ईलाका प्रहरी कार्यालय ईटहरी र कोशी प्रदेश प्रहरी कार्यालयको अनुसन्धान समूह (रिट) सहितको संयुक्त अनुसन्धान टोली परिचालन भएको थियो ।

अनुसन्धान गर्ने क्रममा उक्त घटना बाहेक असार ८ गते धरान-१७ को खैरेनी जंगलमा १ जना महिला माथी भएको लुटपाट, असार २३ गते धरानबाट मोटरसाईकलमा प्रकाशपुर गईरहेका श्रीमान श्रीमती माथी सोही स्थानमा

वांकी अन्तिम पेजमा...

## कोशी अस्पतलाको नयाँ भनन निर्माण कार्य ठप्प

विराटनगर । कोशी प्रदेशकै सबैभन्दा ठूलो कोशी अस्पतालको नयाँ भवन निर्माणको ठेक्का पाएका रमन, भूमि, बिआईपीएल जेभी कम्पनीका ठेकेदार सम्पर्क विहीन भएपछि निर्माण कार्य निर्माणको काम ठप्प भएको छ ।

कोशी अस्पतालको नयाँ भवन निर्माणका लागि सहरी विकास तथा भवन निर्माण विभाग संघीय आयोजना कार्यान्वयन इकाई विराटनगरले ५० करोड ३४ लाख ४४ हजार ७ सय १४ रुपैयाँमा टेण्डर खुलाएको थियो । सो टेन्डर रमन, भूमि, बिआईपीएल जेभीले ३३ करोड २२ लाख ४८ हजार ९ सय ११ रुपैयाँ ३३ पैसामा ठेक्का लिएको थियो ।

ठेकेदार कम्पनीले भवन निर्माणको काम अलपत्र पारेर सम्पर्कविहीन भएपछि, अहिले रमन, भूमि कन्ट्रकसनले भवन निर्माणको काम जिम्मा लिएको छ । रमन भूमिले कन्ट्रकसनले पनि एक महिनादेखि काम

वांकी अन्तिम पेजमा...

## खोज र नष्ट गर अभियान शुरू

विराटनगर । विराटनगर महानगरपालिकाले डेङ्गी रोग नियन्त्रणका लागि अभियान शुरुवात गरेको छ । अभियान अर्न्तगत विराटनगर महानगर पालिका वडा नं. ८ कार्यालयले डेंगी खोज र नष्ट कार्यक्रम सम्वन्धि अभिमुखीकरण गरेको छ ।

डेङ्गी रोग नियन्त्रणका लागि वडा कार्यालयको नेतृत्वमा विद्यालय, टोल संगठन, सहकारी संस्थाका शेयर सदस्यहरु मार्फत अभियानलाई घर-घरमा पुर्याइने भएको छ ।

डेङ्गी रोगको सम्भावित महामारीको तयारी रोकथाम तथा नियन्त्रण, खोज र नष्ट अभियान अर्न्तगत टोल संगठनका प्रतिनिधि, सहकारी संस्थाका प्रतिनिधिहरु, सामुदायिक तथा संस्थागत विद्यालयका प्रतिनिधि, वडाका सरोकारवाला व्यक्तिहरु, महिला स्वयंसेविका, स्वास्थ्यकर्मीहरुका लागि एक दिने अभिमुखिकरण गरिएको वडा नं. ८ अध्यक्ष राम पोखरेलले जानकारी गराउनु भयो ।

कार्यक्रममा विराटनगर महानगरपालिकाका स्वास्थ्य महाशाखा प्रमुख हैदर अलि र वडाका स्वास्थ्यकर्मीहरुले डेङ्गी रोग र यसका रोकथामका उपायहरुबारे सचेतना बारे जानकारी गराएको थियो ।

विराटनगर-८ का विद्यालय

वांकी अन्तिम पेजमा...







परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.विराटनगर द.न. ०४/०७७/०७८

## मधेश...

इतिहास लेख्दा पहिलो नम्बरमा मधेसी सहिदहरूको इतिहास लेखिनुपर्छ, जसको बलिदानीको जगमा आज मधेस प्रदेश खडा भएको छ ।' मधेसको इतिहास लेखन गोष्ठीको प्रमुख अतिथि रहेका जसपाका अध्यक्ष उपेन्द्र यादवको पनि उद्घाटनको अवसरमा उही जिकिर थियो, पहिले मधेसका सहिदहरूको इतिहास लेखेर इतिहासका अरू विषयमा प्रवेश गरौं ।

शुक्रराज शास्त्री, दशरथ चन्द, धर्मभक्त, गंगालालका बारेमा धेरै पढियो, पढिदैछ । अब कम्तीमा मधेसका विद्यालयमा मधेस आन्दोलनका पहिलो सहिद रमेश महतोको बारेमा पढाइ हुनुपर्छ । रातोपाटीबाट

## कोशी प्रदेश...

कार्यान्वयन तर्फ बिभिन्न अपराधमा सजाय तथा जरिवाना फैसला भई फरार रहदै आएका १ हजार ४ सय ६६ जना फरार प्रतिवादीहरु पक्राउ गरी ९ सय ४३ बर्ष ७ महिना २ दिन कैद र ४ करोड २४ लाख १२ हजार ३ सय २२ रुपैयाँ राजश्व संकलन भएको छ ।

त्यसैगरी भन्सार चोरी निकाशी तर्फ अबैध रुपमा समान चोरी निकाशी गर्ने १०० जना मानिस पक्राउ गर्नुका साथै २६ करोड ९८ लाख ३८ हजार ९ सय ८० रुपैयाँ राजश्व संकलन भएको छ ।

नदिजन्य पदार्थको अबैध रुपमा दोहन गर्ने ७४ जना मानिस र ३३३ वटा नदिजन्य पदार्थ उत्खनन गर्ने र ओसार पसार गर्ने सवारी साधनलाई पक्राउ गर्नुका साथै ३९ लाख २८ हजार ५ सय ३५ रुपैयाँ राजश्व संकलन भएको छ । यसैगरी अबैध काठ चोरी निकासी गर्ने ३८ जना मानिस पक्राउ गर्नुका साथै ५ हजार ९ सय ६१ क्यू.फिट. काठ बरामद गरी १ करोड ३१ लाख ४५ हजार ३ सय ५७ रुपैयाँ राजश्व संकलन भएको छ ।

ट्राफिक ब्यबस्थापन तर्फ यस आर्थिक बर्षमा ट्राफिक नियम उलंघन गर्ने ३ लाख १ हजार ७ सय ४९ वटा सवारी साधनलाई कारवाही गर्दा २३ करोड ४८ लाख ६६ हजार रुपैयाँ राजश्व संकलन भएको छ । यसैगरी लागूऔषध नियन्त्रण तर्फ गाँजा ५ हजार ८ सय १५ केजी ४९२ ग्राम ७०० मिलीग्राम, अफिम २७ ग्राम ६८ मिलिग्राम, ब्राउनसुगर २ केजी ७९ ग्राम ८४९ मिलिग्राम, बिभिन्न मनोद्धिपक क्याप्सलु २७ हजार ६ सय १८, मनोद्धिपक एम्पुल १० हजार १ सय ७५ र मनोद्धिपक औषधीहरु ३१७ क्याप्सुल नियन्त्रण गरिएको र १ हजार ७ सय ६३ रोपनी क्षेत्रफलमा लगाएको ६ लाख ७५ हजार ३ सय १४ बोट गाँजा नष्ट गरिएको छ ।

साथै यस आर्थिक बर्षमा समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तरगत प्रदेश भरी बिभिन्न किसिमका सचेतना मुलक कार्यक्रमहरु तिब्रताका साथ संचालन गरिएको छ । जस अन्तरगत साईबर अपराध, आत्महत्या न्युनिकरण, ट्राफिक सचेतना, घरेलु हिंसा, महिला हिंसा, मानव बेचबिखन लागुऔषध दुर्ब्यसन लगायत ३६ हजार ८ सय ८१ स्थानमा बिभिन्न जनचेतना मुलक कार्यक्रमहरु संचालन गरीएको र उक्त कार्यक्रमबाट १० लाख ३१ हजार ३५१ जना भन्दा बढी नागरीकहरु लाभान्वित भएको कोशी प्रदेश प्रहरी कार्यालयको सभाहलमा पत्रकार सम्मेलन मार्फत सार्वजानिक गरिएको थियो ।

## बलात्कार...

भएको लुटपाट र असार ३१ गते धरानबाट कालाबन्जार जाँदै गरेका अर्का एक ब्यक्तिलाई समेत श्रृखंला बद्ध रुपमा भएको लुटपाटमा यिनै ब्यक्तिहरुको संग्लग्नता रहेको पाईएको छ ।

उनीहरुको साथबाट अटोमेटिक चाईनिज पेस्तोल १ थान, गोली ९ राउण्ड, म्यागजिन २ थान, कालो झोला ५ थान, लेडिज ब्याग ४ थान, खुकुरी २ थान, मोवायल ५ थान, औठी १ थान र फायर भएको गोलीको खोका १ थान बरामद भएको छ । घटनामा संग्लग्न अन्य ब्यक्तिको खोजतलास भईरहेको र पक्राउ ब्यक्तिहरुको १० दिनको म्याद थप गरी थप अनुसन्धान भईरहेको छ ।

## खोज...

हरुमा सचेतना कार्यक्रम सञ्चालन तथा टोल संगठनहरुसँग समन्वय गरी टोल-टोलमा डेङ्गी खोज तथा नष्ट अभियान सञ्चालन गरिने भएको छ । वडा अध्यक्ष पोखरेलका अनुसार विराटनगर-८ मा हालसम्म डेङ्गी रोगबाट कुनैपनि व्यक्ति संक्रमित भएको छैन ।

## कोशी...

अलपत्र पारेर सम्पर्कविहीन रहेको कोशी असपतालका नयाब सुब्बा नवराज लुइँटेलले वताए

'अस्पतालको भवन निर्माणको क्रममा रहँदै गर्दा बीचमा ठेकेदारले काम रोक्दा समयमा काम सम्पन्न हुन नसकिने भन्दै अहिले जिम्मा लिएका ठेकेदार कम्पनीले समय भित्र काम सम्पन्न गर्नेगरी पुन : काम शुरु गरेको थियो । केही कारण बस रोकिएको भवन निर्माणको काम समयमा नै सम्पन्न गराउने तर्फ ध्यान केन्द्रित भएको अस्पतालका मेसु चन्द्रभाल झाले जनाकारी गराए ।

सम्झौता अवधिमा निर्माण को काम सम्पन्न गराएर सर्वसाधारणलाई स्वास्थ्य उपचारमा कुनै पनि समस्या हुन दिने झाले प्रतिवद्धता जनाएको छ । रमन, भूमि, बिआईपीएल जेभीले २० देखि २५ प्रतिशत काम गरेर सम्पर्क विहीन भएको छ । निर्माण कम्पनीले २०८० पुस २२ गतेसम्म निर्माण सम्पन्न गरी पाँच तलाको सुविधा सम्पन्न भवन हस्तान्तरण गर्नुपर्ने छ ।

तिन जनाले मिलेर ठेकालिएको मध्ये रमन भूमि कन्ट्रकसनले यो काम गर्छु भनेर जिम्मा लिएको शहरी विकास तथा भवन निर्माण विभाग संघिया आयोजना इकाई विराटनगरका प्रमुम गणेश महर्जनले वताए । कन्ट्रकसनका सञ्चालकले अन्य ठाउँमा पनि काम ठेक्का लिएको कारण काममा ढिला सुस्ती भएको वहांको भनाई छ ।


कोशी अस्पतालको नयाँ भवन निर्माण हुँद गरको अधुरो भवन ।

निर्माणाधीन नयाँ भवन ४ कट्ठा २ धुर जमिनमा फैलिएको छ । भवनको पहिलो तलामा आकस्मिक कक्ष हुनेछ । अन्डरग्राउण्ड भवनको भुइँतलामा पार्किङ, दोस्रो तलामा एचडियूसहितको डाइलोसिस लगायतका सेवाहरू हुनेछन् ।

त्यसैगरी तेस्रो तलामा नेफ्रोलोजी जनरलसहितको प्रतिक्षालय हुनेछ । तेस्रो तला ५० शैय्याको हुनेछ । चौथो तलामा कार्डियो र न्यूरोको सेवा रहनेछ । चौथो तलामा पनि ५० शैय्याको नै हुनेछ । अहिले सम्म निर्माणाधीन नयाँ भवनको अहिले सम्म वेस मेन ढलान भएको छ । नयाँ भनव निर्माण कार्यमा ढिला सुस्ती हुनको मुख्य कारण निर्माण सामग्रीको भावमा बढोतरी हुन र कम्पनीले लो विडिङ्गमा ठेक्का लिनु मुख्य समस्या भएको स्रोतको दावी छ ।


## डेंगीबाट बच्ने उपायहरु :

- विहान, दिउँसो र साझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पुरै शरिर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने औषधी बालौं । र लामखुट्टे टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने वेलामा झुल लगाएर सुतौं ।
- अध्यारो कुना काप्चामा किटनाशक औषधी छर्ने गरौं ।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्याकी, फूलदानी गमलामा राखिएको प्लेटहरु राम्ररी सफा गरौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड






## विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- बालश्रम शोषण समाजिक अपराध हो ।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- सार्वजनिक स्थलमा जतातते फोहोरमैला नफालौं ।


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### कोशी प्रदेश दाउपेचको राजनीतिमा

कोशी प्रदेशमा नेकपा ऐमालेका संसदीय दलका नेता हिकमत कुमार कार्की नेतृत्वको सरकारलाई अल्पमतमा पारी नेपाली काँग्रेसको संसदीय दलको नेता उद्धव थापाको नेतृत्वमा तीनवाट विना विभागीय मन्त्री समेत बनेको सरकारलाई सर्वोच्चले खारेज गरेपछि पुन: थापाकै नेतृत्वा सरकार गठन भएको छ। तर जति सजिलो सरकार गठन भएको छ। त्यती सजिलै विश्वासको मत पाउन गाह्रे छ। सवोच्चले गरेको उद्धव थापा नेतृत्वको सरकारमा सभामुखले हस्ताक्षर भएकोले सो सरकारलाई बदर गरिएको थियो। अहिले सभामुखलाई राजीनामा गराएर ४७ संसद संख्या पुर्‍याएर सरकार गठन गरेको छ। मुख्य मन्त्री वनाउनका लागि पदीय हिसाले सभामुख शहिद भएको सोझै आमनागरिकले अनुमान गरेका छन्।

सभामुख जस्तो गरिमय पदवाट राजीनामा गराएर अहिले अंक गणितिय हिसावले ४७ पुर्‍याए पनि विश्वासको मत लिने वेला ४७ नपुग्ने चुनौती कायमै छ। अंक गणितीय रुपमा कनै राजनीतिक दलको वहुमत छैन। थापा नेतृत्वको सरकारमा विश्वासको मत लिनेवेला दाउपेच हुन वितिकै थापा सरकार अल्पमतमा पर्ने पक्का छ। सरकार बनाउने चलखेल चलेपछि को सकसलाई पछारिन्छ, को तल आउँछ वा को माथि जान्छ त्यसको कुनै यकिन छैन। देश नै अस्थिर भएको वेला कोशी प्रदेशमा पनि अस्थिरता पैदा भई सकेको छ। अस्थिरताको मुख्य कारण हो पदीय लोलुपता। देश संघियतामा गएता पनि अहिले सम्म केन्द्रकै राजनीतिले प्रभाव पारि रहको छ। केन्द्रमा सरकार फेर बदल हुन वितिकै कोशी प्रदेशमा समेत सरकारमा फेरवदल हुन सक्छ।

प्रदेशका मतदाताले मतदान गरेर प्रदेशको विकास एवं समृद्धिमा सपनालाई पुरा गर्न नेताहरुलाई चुनेका छन् तर नेताहरुले व्यक्तिगत स्वार्थमा डुवेका छन्। जसका कारण प्रदेशमा अस्थिर सरकार रहको छ। मतदाताको मत परिणाम अनुसार कोशी प्रदेशमा मिलीजुली सरकार गठन गर्नु उत्तम हुन्छ। त्यस्तो गर्न नसकिए कुनै पनि दलको सरकार टिक्न कठिन हुन्छ। यस्तो कुरा राजनीतिक दलका नेताहरुले किन नबुझेका हुन ? त्यसैले कुनै पनि राजनीतिक दल वा नेताले सरकार वनाउन जालझेल नगरी मिलिजुली सरकार वनाउ अन्यथा मध्यावधी चुनावको विकल्प रोजौं।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लीगि मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# मधेश इतिहास लेखन : प्राथमिकता के ?

कृष्णराज सर्वहारी

यसै असारको अन्तिम साता मधेस प्रज्ञा प्रतिष्ठानको आयोजनामा मधेसको इतिहास लेखनसम्बन्धी गोष्ठी महोत्तरीको बर्दिवासमा आयोजना भयो। छोटो सूचनाको आधारमा सो गोष्ठीमा यो पङ्क्तिकार पनि सहभागी भएको थियो।

अन्य विकासे कार्यक्रम असारमा सक्ने चटारोलाई प्राय:ले ठिक मानेका छैनन्। त्यसमाथि इतिहास लेखनसम्बन्धी गोष्ठी पनि असारमै हुनुले कतिपयले बजेट सकाउने मेलो मात्रै पनि भने। मधेस प्रज्ञा प्रतिष्ठानका अध्यक्ष रामभरोस कापडी भ्रमरले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्ने क्रममा सम्बन्धित निकायबाट कार्यक्रमका लागि बजेट छुट्याउन ढिलाइका कारण असारको चटारोमा हतारमा कार्यक्रम गर्नु परेको विवशता पोखे।

यो आलेखमा सोही गोष्ठीमा उठेका केही सवालबारे मन्थन तथा मधेसको इतिहास लेखनमा प्राथमिकता के हुनुपर्छ भन्नेमा केन्द्रित छ।

इतिहासको अध्ययनमा सबैको रुचि हुँदैन। कतिपयले लोकसेवा आयोगको जाँच दिने क्रममा इतिहासका केही प्रश्न घोक्छन्। पास भएपछि त्यसलाई जानिराख्नुपर्ने आवश्यक ठानिन्न। पहिले प्रवीणता प्रमाणपत्र तहको दोस्रो वर्षमा ५० पूर्णाङ्कको 'नेपाल परिचय' पढ्नु पर्थ्यो, त्यसले नेपालको भूगोलबारे धेरैलाई जानकारी हुन्थ्यो। यो कोर्स उहिल्यै हटाइसकियो, जुन कि अपरिहार्य छ।

त्रिभुवन विश्वविद्यालयमा इतिहास विभाग छ। तर, यहाँ विद्यार्थी औँलामा गन्न लायक छन्। यसले इतिहासको अध्ययनमा रुचि घट्दै गएको देखाउँछ। जबकि देश संघीय राज्यमा गएपछि धेरै समुदायलाई आफ्नो इतिहासबारे चासो छ। तर, आफ्नो समुदायको आधिकारिक अनि गहन इतिहास पढ्ने मेसो कमैले पाएका छन्। किनकि यसबारे खासै दस्तावेजीकरण नै भएको छन्।

मधेस प्रज्ञा प्रतिष्ठानका अध्यक्ष कापडीले कार्यक्रमको सुरुमै मधेसको इतिहासलाई मधेस प्रदेशको केवल ८ जिल्लामा मात्र सीमित नगरिने बताए। उनले पूर्व झापादेखि पश्चिम कञ्चनपुरसम्म मात्र नभई मधेसको सीमा जोडिएको भारतीय प्रान्तका कुरा पनि यस इतिहास लेखनमा समेटिने उद्देश्य रहेको बताए। अर्थात् मधेसको विस्तृत नालीबेली समेट्ने उनको जिकिर थियो।

उनको जिकिरपछि मलाई लाग्यो, मधेसको इतिहास लेखनसम्बन्धी गोष्ठीमा इतिहासका प्राध्यापकहरूलाई प्राथमिकतासाथ सहभागी गराइएको होला, हालसम्म मधेसको इतिहास लेखनबारे भएका कामको सूचीकरण प्रस्तुति गरिएला। तर, त्यो पाइएन।

दरभंगा क्षेत्रका केही प्राध्यापकहरू सहभागी रहेको पहिलो दिनको कार्यक्रमलाई अन्तर्राष्ट्रिय गोष्ठी भनिएको थियो भने दोस्रो दिनको कार्यक्रमलाई राष्ट्रिय गोष्ठी।

बहस मधेस प्रदेशका विभिन्न भाषाको अवस्थाबारे बढी केन्द्रित रह्यो। कैलालीबाट आएकी डा जीवन रानाले राना थारुको समग्र अवस्थाबारे पेपर प्रस्तुत गरिन्। यो पङ्क्तिकारले डंगौरा थारुबारे केही तथ्य उजागर गर्‍यो। विक्रममणि त्रिपाठीले अवध राज्यको ऐतिहासिक तथ्य खोतले। निष्णु थिङले मधेसमा रहेका तामाङ साहित्यबारे प्रकाश पारे।

भाषा आयोगका सदस्य गोपाल अश्कले मधेसको टप टेन भाषाबारे व्याख्या गर्ने क्रममा त्यहाँको पहिलो भाषा मैथिलीबारे प्रकाश पार्ने क्रममै सहजकर्ताको चिट आइपुग्यो। उक्त सत्रको अध्यक्षता ग्रहण गरेका भाषा आयोगका अध्यक्ष डा गोपाल ठाकुरले तत् तत् भाषामा के काम भएको छ भन्दा पनि समस्या कहाँ छ, त्यो औँल्याउन भने।

जेएनयुबाट पीएचडी सकाएका अध्येता सोहन साहका अनुसार मधेसको प्रमाणिक इतिहास लेख्न सक्ने सीप, ज्ञान सिकाउने संस्थागत थलो यस क्षेत्रका क्षेत्रीय क्याम्पसहरू ठाकुरराम, सिरहा वा राजविराज क्याम्पसलगायत हुन्। यदि यी थलोहरूमा इतिहास लेखन हुन्थ्यो भने मान्न सकिन्थ्यो केही होला। तर, दुर्भाग्य हाललाई यस्तो देखिँदैन।

इतिहास लेखन वर्षौं चल्ने प्रक्रिया हो। यदि यसलाई असारमा सकाउनुपर्ने प्रोजेक्ट जस्तो बुझिएको छ भने इतिहास होइन, हामीले उपन्यास पढ्ने छौँ। यसरी अध्येता साहलाई कतै मधेसको इतिहास लेखन उपन्यास जस्तो त हुन्न भन्ने डर लागेको छ।

मधेस प्रदेशका भाषाको अवस्थाबारे बहस बढी केन्द्रित भए पनि भाषाको उत्थानको लागि सरकारी कामकाजीको प्रयोगको भाषा, विद्यालयमा प्राथमिक तहमा पठनपाठनको अवस्थाबारे खासै छलफल भएन। पर्साको पोखरिया गाउँपालिकाकी पूर्व उपाध्यक्ष सलमा खातुनले आफ्नो पालामा गाउँपालिकामा भोजपुरी भाषाको पाठ्यपुस्तक बनाउन निकै कोसिस गरेको तर नसकिएको विवशता पोखिन्।

बरु कार्यक्रम सकाएर बर्दिवासबाट हामीलाई जनकपुर सम्म सदाशयतापूर्वक छोड्न आएका महोत्तरीको मनरा शिसवा नगरपालिकाका मेयर मोहन पाण्डेले मैले अझसम्म नसुनेको सूचना चुहाए। उनको नगर पालिकामा प्राथमिक तहमा स्थानीय विषयको पाठ्यक्रम अन्तर्गत संस्कृत विषयको पढाइ सुरु भएको छ। मधेसको भाषाको इतिहास लेख्दा अब यो कुरा पनि त छुटाउन नमिल्ला।

भानुभक्त आचार्यलाई जसरी आदिकविको पगरी गुथाई नेपाली भाषाका लागि प्रोमोट गरियो। त्यसै गरी प्रदेशका भाषा, संस्कृति उन्नयनमा लागेका साहित्यकारहरूको सूची बनाई तिनलाई पनि प्रोमोट गर्न जरुरी छ। समस्या यसमै छ कि ती मूर्धन्यहरूको सूची बनाउने कसले, सबैले आफैलाई नै मूर्धन्य ठान्छन्।

सरकारी निकायबाट स्थापित विद्यापति पुरस्कार कोषको अक्षय कोषको रकमबाट अहिले मैथिली भाषामा लेख्ने दर्जनौँले वर्षेनी लाखौँ रकमको पुरस्कार थापिरहेका छन्। यसरी पुरस्कार रकमको व्यवस्थापनबाट मैथिली भाषा लेखनको द्रुत गतिमा श्रीवृद्धि भइरहेको छ। तर मधेस प्रदेशले कुनै एक भाषाको मात्रै परवरिस गर्ने होइन। त्यहाँ रहेका अन्य भाषा, संस्कृतिको उत्थानमा पनि टेवा दिने जिम्मेवारी हो।

निश्चय पनि मधेस प्रज्ञा प्रतिष्ठानको मुख्य जिम्मेवारी त्यस प्रदेशको भाषा, साहित्यको उन्नयन अनि दस्तावेजीकरणमा टेवा दिने नै हो। तर, प्रतिष्ठानले ल्याउँदै गरेको मधेसको इतिहास लेखन प्रोजेक्टमा भाषा, साहित्यको मात्र विषय समेटिनु हुन्न। ८ जिल्लाको कुरा मात्र समेटिनु हुन्न।

मधेसका कतिपय ठाउँको नाम बिगारिएको छ, जसले त्यो क्षेत्रको इतिहास गुमनाम भइरहेको छ। यसमा गहन छलफलको साथै अध्ययनको सूची तय गरिनु पर्छ। र, प्राथमिकताको क्रममा विषय टुंगो लगाएर विज्ञहरूलाई जिम्मेवारी दिई अनुसन्धान थालिनुपर्छ।

हाल अध्ययन अनुसन्धानको कार्यमा संलग्न सेसिफ संस्थाको नेतृत्व गरिरहेका पूर्व राजदूत विजय कर्णको विचारमा मधेस क्षेत्रको इतिहास लेखनमा धमिरा लागेको छ। त्यही अवस्थालाई मध्यनजर गर्दै आफूले पनि मधेस सरकारका हर्ताकर्ताहरूलाई इतिहास लेखन हुनपर्छ भनेर घचघच्याएको बताउँछन्।

मधेसकेन्द्रित दलहरूको स्थापनाको बारेमा इतिहास लेख्दा मधेसी अनुहार अवश्य पर्लान्। तर, मूलधारको पार्टी स्थापनामा पनि मधेसी अनुहारको उत्तिकै खुन, पसिना बगेको छ। नेपाली काँग्रेसको संस्थापकमा जसरी महेन्द्रनारायण निधि, परशुनारायण चौधरी लगायत औँलामा गन्न सकिने थोरै तराई मूलको अनुहार मात्रै चर्चा गरिन्छ। त्यसबाट मधेसको इतिहास लेखन माथि उठ्न सक्नु पर्छ।

कर्ण भन्छन्, 'मधेसको

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# डेंगीको संक्रमण, रोकथाम तथा उपचार

देशका अधिकांश जिल्लामा डेंगु रोगले उग्र रुप लिदै गइरहेको छ । अघिल्ला वर्षहरुको तुलनामा यो वर्ष डेंगुको संक्रमण धेरै गुणा बढेको पाइएको छ । कोरोनाको जस्तै लक्षण लिएर अस्पतालमा आएका बिरामीमा डेंगु भएको पाइएको छ । एक तथ्यांक अनुसार जनवरी देखि यता २८२७ जनामा डेंगु भाइरस देखिएकोछ भने उक्त रोग हाल सम्म नेपालका ७२ जिल्लामा फैलिएको पाइएको छ । सतर्कता नअपनाएमा डेंगुले भयानक रुप लिइ धेरैको ज्यान जान सक्ने विशेषज्ञहरुको भनाइ रहेको छ ।

**के हो डेंगु ?**

डेंगु (म्भलनगभ) लामखुट्टेको एक प्रजातीको टोकाइबाट सर्ने भाइरल रोग हो । एडिस (ब्भमभक) नामक लामखुट्टेका प्रजातीहरु बढ्दै गएको पाइएको छ र मानिसहरुको आवत जावत तथा देश भित्रिने क्रम बढ्नु पनि डेंगुको संक्रमण बढ्ने कारण बन्ने गरेको छ । एडिस लामखुट्टेको माध्यमबाट सर्ने डेंगु भाइरसको नेपालमा चार प्रजाति छन्, जसमध्ये डेंगु भाइरस (१ (म्भ्ल्खज्ञ) को संक्रमण अधिकांश रहेको छ ।

**उत्पति**

स्तनधारी जीव हुँदै मानिसमा सरेको अनुमान गरिएको डेंगुको उत्पति झण्डै ५०० देखि १००० बर्ष पहिले भएको अनुमान गरिएको छ । नेपालमा पहिलोपटक २००४ मा देखिएको यो रोग त्यसपश्चात विभिन्न उष्ण प्रदेशीय तथा उप(उष्णप्रदेशीय भागहरुमा तीब्रगतिमा फैलिएको छ । उष्ण प्रदेशहरुमा फैलिनुमा महत्वपूर्ण भुमिका खेल्ने तत्वहरुमा भारि वर्षा, तापक्रम, वायुको आद्रता, सहरीकरण तथा भेक्टरको रोकथाममा असमर्थ हुनु मुख्य छन् ।

पहलो पटक २००६ मा नेपालमा संक्रमण फैलिएको पाइएको थियो जसमा मनसुन पश्चातको समयमा तराइका विभिन्न भागमा गरि ३२ वटा संक्रमण भेटिएको थियो, जसमा चारवटै प्रजातीका भाइरस भेटियो । पछिल्लो ५ बर्ष यता संक्रमण संख्यामा उल्लेख्य वृद्धि आएको पाइएको छ र झापा, चितवन, रपन्देही महोत्तरी, कास्की, सुनसरी लगायत जिल्लामा बढ्दो संक्रमण रहेको पाइएको छ । सन् २०१९ मा अहिलेसम्मकै बढि १४६६२ संक्रमण देखियो जसअन्तर्गत ७७ मध्ये ६८ जिल्लामा संक्रमित भेटियो ।

विश्वमा यो रोगका कारण हुने मृत्युदर सरदर वार्षिक १ प्रतिशत भन्दा कम नै रहेको छ र सन् २०१९ मा नेपालमा यो रोगका कारण ६ जनाले ज्याज गुमाएका थिए । काठमाडौ उपत्यका डेंगु भेक्टरका लागि अनुकुल नरहेको भएतापनि वढ्दो सहरीकरण, फोहोरको असुरक्षित व्यवस्थापन र जनसंख्याको तीब्र बृद्धिका कारण राजधानीमा पनि १५८३ संक्रमित भेटिएको थियो ।

सन् २०२२ को जुलाई देखि अगष्टसम्म मात्र १४०० भन्दा बढी संक्रमण पाइएको छ जुन अघिल्लो बर्षको सोही अवधिमा भन्दा कैयौं गुणा बढी हो । त्यस्तै यो बर्ष पनि अधिकांश संक्रमित काठमाडौ उपत्यकामा नै रहेको पाइएकोछ । समयमा नै सचेत भई यसलाई नियन्त्रण लिन सकिएन भने कुनैपनि समय यसले महामारीको रुप धारण नगर्ला भन्न सकिन्न । बिशेषत यो गर्मी संगै बर्षाको समय भएकोले यसको जोखिम थप बढि हुने हुँदा यसतर्फ अझै बढि सावधानी अपनाउनु जरुरी हुन्छ ।

**कसरी सर्छ ?**

एडिस एजिप्टि नाम रहेको लामखुट्टेको महिला प्रजाति डेंगुका प्रमुख भेक्टर हुन । दिनमा मान्छेको रगत चुसेर बाँच्ने यो प्रजाति मानिसको सरीरको प्राकृतिक गन्धबाट आकर्सित भई धेरैमा रोग सार्ने क्षमता राख्दछन् । भेक्टरले टोकेपछि भाइरसलाई मानिसको रगतमा जम्मा गर्छ र मानिसको सरीरमा फैलिन्छ । रगत खाइसकेपछि यसले ताजा पानि जम्मा गरेको भाँडाकुँडा खोजेर अण्डा पार्ने गर्छ । एउटा पानिको स्रोतमा १०० देखि २०० सम्म अण्डा पार्न सक्छ भने एकपटकमा कैयौं स्रोतमा अँडा जम्मा गर्छ । यसका अँडा नीर्जलीकरण प्रतिरोधात्मक भएकाले यस भेक्टरको जनसंख्या तीब्र गतिमा बढिरहेको छ । संक्रमित व्यक्तिको रगत चुस्दा भाइरस नबोकेको लामखुट्टेमा भाइरस पसि संक्रमण प्रकृया बढाउन सक्छ । एकपटक संक्रमण भएपछि मानिसमा त्यस प्रजातिको भाइरसबाट जीवन भरलाई इम्युनिटि (क्ष्mmगलष्तथ) मिल्छ । तसर्थ ४ प्रजातिका भाइरसले एक व्यक्तिमा ४ पटक संक्रमण गर्न सक्छन् ।

**लक्षण के के हुन ?**

डेंगु लागेको २(७ दिनमा यस रोगका लक्षणहरु देखिन थाल्छन् । जसमा उच्च ज्वरो (१०४ डिग्रि फ्यारेनहाइट) प्रमुख लक्षण हो । साथसाथै अन्य लक्षणहरुमा टाउको दुख्ने, मांसपेसि दुख्ने, आँखाको पछिल्लो भाग दुख्ने, वाकवाक लाग्ने, वान्ता आउने, ग्रन्थी सुन्निने आदी हुन्छन् ।

विश्व स्वास्थ संगठन (धज्इ) ले डेंगुलाई डेगु र जटिल डेंगुमा विभाजन गरेको छ । सामान्य लक्षण तथा स्वयं सिमित भएर जाने रोगलाई डेंगु भनेको छ र चेतावनीमुलक लक्षण देखिनेलाई जटिल डेंगु भनेको छ । संक्रमणको ३(७ दिनपछिको समयमा ज्वरो कम हुदै गएर चेतावनीमुलक लक्षण देखिन सक्छ । जुन कतिपय घातक हुन सक्छ । यी लक्षणहरुमा धेरै पेट दुख्ने, वान्ता भइरहने, गिंजाबाट रगत बग्ने, पेट तथा छातीमा पानी जम्ने, छटपटि हुने आदी पर्दछन् । डेंगुका कारण आउन सक्ने सम्भावित जटिलतामा डेंगु हेमोरेजिक फिभर, डेंगु सक सिन्डूम आदी पर्छन् । यी अवस्थामा रगतबाट प्लाज्मा (एबिकब) खेर जाने, सजिलै रगत बग्ने, निलडाम बस्ने, तथा रगत बाक्लो भइ विभिन्न अंगमा रगत पुग्न नपाएर अंगहरु खराब हुँदै जाने गर्दछ ।

यी जटिल संकेत देखिने अवधिलाई क्रिटिकल फेज ९ऋचष्तष्अबा एजबकभ० भनिन्छ, यस्तो अवधि २४(४८ घण्टा सम्म हुन सक्छ । यो अवधिमा सरीरमा पानी धेरै जमेमा घातक स्वास प्रश्वासको रोग देखिने गर्छ । त्यस्तै प्लाज्मा वा रगत धेरै खेर गएर कलेजो तथा अन्य अंग फेल हुने तथा हृदयघात समेत हुने सम्भावना हुन्छ । यो अवस्थालाई डेंगु सक सिन्डूम (म्भलनगभ कजयअप कथलमचयफभ) भनिन्छ । जसका कारण बिरामीको मृत्यु हुन सक्छ । यी संकेतहरुको आधारमा चिकित्सकले अस्पतालमा बिरामी भर्ना गरि आफ्नो निगरानीमा राखेर जटिल समस्या आउनबाट रोकथाम गर्ने गर्छन यस अवधि पश्चात संक्रमितमा विस्तारै सुधार आउँछ, खाना रुची बढ्छ, लक्षणहरु हराउँदै जान्छन र केहिमा सरीरमा एक प्रकारको डावर, खटिरा ( च्बकज) देखिन सक्छ ।

**जाँच र उपचार पद्दती**

संकास्पद लक्षण देखिएका विरामीमा पी.सी.आर.(ए.ऋ.च.) जाँच गरेर संक्रमण प्रमाणित गरिन्छ । त्यस्तै संक्रमण फैलिएको अवस्थामा संक्रमणलाई रोकथाम गर्न आर.डि.टि. (च्म्त्) को पनि प्रयोग गर्न सकिन्छ ।

डेंगु भाइरसको लागि एन्टीभाइरल (ब्लतष(ख्अचबा) औषधीहरु प्रभावकारी नभएको पाइएको छ । डेंगुको उपचार गर्न पहिले विभिन्न जानकारी सोधपुछ तथा रगतको जाँच गरिन्छ, संक्रमितको लक्षण र जटिलता अनुमान गरि उपचार बिधिको प्रणाली तय गरिन्छ । यस अन्तर्गत ३ थरिका उपचार प्रणाली छन् । पछिल्लो १४ दिनमा जोखिम क्षेत्रमा भ्रमण गरेको, उच्च ज्वरो तथा डेंगुका मिल्दाजुल्दा लक्षण देखिएको तर जटिल लक्षण नदेखिएको विरामीलाई सामान्य लक्षण बमोजिम उपचार गरि घर पठाइन्छ । जटिल लक्षण देखिएमा अस्पतालमै राखि उपचार गरिन्छ । जटिल लक्षण देखिएमा आपतकालिन उपचार गर्नुपर्ने हुन्छ । सामान्य लक्षण रोकथामका लागि पर्याप्त तरल पदार्थको सेवन, ज्वरोको रोकथाम तथा ओछ्यानमा आराम गर्ने सल्लाह दिइन्छ ।

जटिल लक्षण देखिएका बिरामीलाई अस्पतालमा राखि नशाबाट तरल औषधि चलाएर रगतको अवस्था सुधारिन्छ र बेलाबेलामा रगतको जाँच गरिन्छ । साथसाथै विभिन्न अंगको अवस्थाको मापन गर्ने गरिन्छ । जटिल डेंगुको अवस्थामा धेरै मात्रामा नशाबाट तरल पदार्थको पूर्ति गर्नुका साथै जाँचले अंकित गरेअनुसार रगत प्रत्यारोपण समेत गर्नुपर्ने हुनसक्छ । विरामीको अवस्था सुधार हुदै गएपछि तथा रगतको घनत्व घट्दै गएपछि औषधीको मात्रा घटाउँदै लगिन्छ र लक्षण सुधारपछि डिस्चार्ज गरेर घर पठाइन्छ । वृद्ध समुहमा लक्षणहरु सामान्य नै रहेपनि मृत्युदर युवा समुहभन्दा बढी रहेका कारण विशेष ध्यान दिनुपर्ने हुन्छ ।

**रोकथामका उपायहरु**

डेंगुको रोकथाम गर्न भेक्टर लक्षित उपायहरु अपनाउनु पर्छ । लामखुट्टेको प्रजननमा रोकथाम तथा घरवरपर बसोबास गर्नबाट रोक्ने उपायहरु महत्वपूर्ण छन् । इन्टिग्रेटेड भेक्टर म्यानेजमेन्ट ( क्ष्लतभनचबतभम ख्भअतयच :बलबनभmभलत) प्रणाली अन्तर्गत भेक्टरलाई कसरी घरवरपर वसोबास गर्न रोक्ने, लामखुट्टेको टोकाइबाट बच्ने तरिका, अण्डा नष्ट गर्ने प्रकृया आदि पर्दछन् ।

कीटनाशक प्रयोग गरिएको झुलको प्रयोग गर्ने, घरको कुनाकाप्चा तथा लामखुट्टे बसोबास गर्नसक्ने स्थानमा कीटनाशक औषधी छर्किने, हावामा छर्किन मिल्ने स्पेस स्प्रे ( क्उबअभ क्उचबथ) को प्रयोग तथा पानी जम्मा हुने सतहहरु सम्याउने, भाँडाहरु छोप्ने, पानीको सतहमा लामखुट्टे प्रतिरोधी (लार्भा नासक) औषधीहरु छर्किने, किराहरु खाने माछा तथा अन्य जीव पालन गर्ने आदि उपायहरु प्रभावकारी छन् । त्यस्तै आफ्नो सुरक्षाको लागि रिपेलेन्ट (च्भउभाभिलत) जस्तै लोसनहरुको प्रयोग गर्ने, लामखुट्टे भगाउने धुपहरुको प्रयोग गर्ने पनि महत्वपूर्ण छ । त्यसैगरि फोहोरको उचित ब्यबस्थापन गर्ने तथा पानिको परिचालन ब्यबस्थित तवरले गर्नुपर्ने हुन्छ ।

डेंगु फैलाउने लामखुट्टेले बिहान देखि बेलुकामा धेरै टोक्ने हुनाले सतर्कता अपनाउनु जरुरी हुन्छ । डेंगुको प्रकोप नियन्त्रण गर्न विभिन्न स्वास्थ संस्था, स्वास्थ क्षेत्रमा कार्यरत बिभिन्न संघसंस्था तथा स्थानीय देखि केन्द्र सम्मका सरकारको सहकार्यमा रोकथामका कार्यक्रमहरु सञ्चालन गरि जोखिमयुक्त क्षेत्रहरुमा डेंगुको कहर नियन्त्रण गर्न सकिन्छ । साथै देशव्यापि जनचेतनामुलक कार्यक्रम संचालन गरि सर्बसाधारण आम जनतालाई डेंगुबाट बच्ने उपायहरु सिकाउन समेत जरुरी देखिन्छ ।

NO SMOKING

# स्वास्थ्य क्षेत्रमा योगदान पुर्‍याए वापत सम्मानित



विराटनगर । स्वास्थ्य क्षेत्रको विकास र प्रवर्द्धनमा योगदान पुर्याएबापत प्रतिनिधि सभा सदस्य डा.सुनिल शर्मा सम्मानित भएका छन् ।

माइती नेपालले काठमाडौं मा कार्यक्रम आयोजना गरी सांसद शर्मालाई सम्मान गरेको हो । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री सुरेन्द्रराज आचार्य र माइती नेपालकी संस्थापक अध्यक्ष अनुराधा कोइरालाले सांसद शर्मालाई दोसल्ला र कदरपत्र प्रदान गरी सम्मानित गरेका छन् ।

'नेपालमा स्वास्थ्य क्षेत्रको विकास र प्रवर्द्धनमा अतुलनीय योगदान गरी स्वास्थ्य सेवालाई सर्वसुलभ र पहुँचयोग्य बनाउँन प्रभावकारी भूमिका खेल्दै समाजमा पछाडि पारिएका सीमान्तकृत, सुविधाविहिन र अभिभावकविहीन माइती नेपालका सेवाग्राही बालबालिका तथा महिलाहरूलाई उच्चस्तरीय स्वास्थ्य सेवामा सहज पहुँच विस्तार गर्नुभएकोमा तपाईंको योगदानको मुक्तकण्ठले प्रशंसा गर्दै यो कदर पत्र प्रदान गरिएको छ' डा.शर्मालाई दिइएको कदर पत्रमा भनिएको छ ।

सो अवसरमा मन्त्री आचार्य, माइती नेपालकी अध्यक्ष कोइराला लगायत वक्ताहरूले डा.शर्माले पुर्याएको योगदानको चर्चा गर्दै उनको सेवाभावको खुलेर प्रशंसा गरे । मोरङको क्षेत्र नं. ३ बाट निर्वाचित सांसद शर्मा मेडिकल कलेज व्यवसायी पनि हुन् । काठमाडौंको सिनामंगलस्थित काठमाडौं मेडिकल कलेजको अध्यक्ष हुँदा डा.शर्माले २०७८ असार ११ गते माइती नेपालसँग सम्झौता गरी यौनकर्मी, एचआइभी संक्रमणका पीडित तथा अनाथ बालबालिकालाई ५० लाख बराबरको नि:शुल्क उपचार गर्ने व्यवस्था मिलाइदिएका थिए ।

विराटनगरस्थित नोवेल शिक्षण अस्पतालका सञ्चालकसमेत रहेका डा.शर्माले हजारौं बिरामीलाई नि:शुल्क उपचार गराइसकेका छन् । उनले ठूलो संख्यामा असहाय र वेवारिसे बिरामीलाई उद्धार गरी नि:शुल्क उपचार गरेर उनीहरूको ज्यान बचाएका छन् ।


सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रूख काट्नु सार्वजनिक अपराध हो । यसरी रूखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन कार्यालय
विराटनगर प्रदेश नं. १

कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर

# कोशी प्रदेश प्रहरी मातहतका कार्यालयहरुवाट ५२ करोड भन्दा बढी राजश्व संकलन

विराटनगर। संगठन प्रमुख प्रहरी महानिरीक्षक र प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक तथा प्रदेश प्रहरी प्रमुख र प्रदेशका १४ वटै जिल्लाका प्रहरी प्रमुखहरु बिच कार्य सम्पादन सम्झौता तथा कोशी प्रदेश प्रहरीद्धारा संचालित प्रदेश सुरक्षा सुनिश्चितता अभियान अन्तरगत प्रभावकारी रुपमा प्रहरी परिचालन भई कार्यान्वयन हुँदा आर्थिक बर्ष २०७९-२०८० मा ५२ करोड भन्दा बढी राजश्व संकलन भएको वताएका छन।

सो कुरा  कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक राजेशनाथ बास्तोलाले आर्थिक बर्ष २०७९/०८० को बार्षिक कार्य सम्पादन समिक्षा प्रगति बिबरण कार्यालयको सभाहलमा बुधवार पत्रकार सम्मेलनको आयोजना गरी सार्वजानिक गर्दै वताएका हुन्।

आर्थिक बर्ष ०७९-०८० मा ८ हजार ७ सय १९ वटा विभिन्न अपराध सम्वन्धी मुद्दा दर्ता भई कानुनी कारवाहीमा र जरीवाना वापत आर्थिक वर्ष २०७९-२०८० मा कुल ५२ करोड १७ लाख ७८ हजार ८ सय ७२ रुपैयाँ राजश्व संकलन भएको जानकारी गराएका थिए।

समाजमा हुने अपराधीक घटना, फैसला कार्यान्वयन, भन्सार चोरी निकासी, नदिजन्य पदार्थ अबैध दोहन, अबैध काठ चोरी निकाशी र ट्राफिक ब्यबस्थापनमा प्रभावकारी रुपमा प्रहरी परिचाल भए अनुसार उल्लेख्य मात्रामा सफलता हासिल भएको हो। बिभिन्न अपराध सम्बन्धी मुद्धा दर्ता भई कानूनी कारवाही भईरहेको तथा फैसला कार्यान्वयन तर्फ बिभिन्न अपराधमा सजाय तथा जरिवाना फैसला भई फरार रहदै आएका १ हजार ४ सय ६६ जना फरार प्रतिवादीहरु पक्राउ गरी ९ सय ४३ बर्ष ७ महिना २ दिन कैद र ४ करोड २४ लाख १२ हजार ३ सय २२ रुपैयाँ राजश्व संकलन भएको छ।

त्यसैगरी भन्सार चोरी निकाशी तर्फ अबैध रुपमा समान चोरी निकाशी गर्ने १०० जना मानिस पक्राउ गर्नुका साथै २६ करोड ९८ लाख ३८ हजार ९ सय ८० रुपैयाँ राजश्व संकलन भएको छ।

नदिजन्य पदार्थको अबैध रुपमा दोहन गर्ने ७४ जना मानिस र ३३३ वटा नदिजन्य पदार्थ उत्खनन गर्ने र ओसार पसार गर्ने सवारी साधनलाई पक्राउ गर्नुका साथै ३९ लाख २८ हजार ५ सय ३५ रुपैयाँ राजश्व संकलन भएको छ। यसैगरी अबैध काठ चोरी निकासी गर्ने ३८ जना मानिस पक्राउ गर्नुका साथै ५ हजार ९ सय ६१ क्यू.फिट. काठ बरामद गरी १ करोड ३१ लाख ४५ हजार ३ सय ५७ रुपैयाँ राजश्व संकलन भएको छ।

ट्राफिक ब्यबस्थापन तर्फ यस आर्थिक बर्षमा ट्राफिक नियम उलंघन गर्ने ३ लाख १ हजार ७ सय ४९ वटा सवारी साधनलाई कारवाही गर्दा २३ करोड ४८ लाख ६६ हजार रुपैयाँ राजश्व संकलन भएको छ। यसैगरी लागूऔषध नियन्त्रण तर्फ गाँजा ५ हजार ८ सय १५ केजी ४९२ ग्राम ७०० मिलीग्राम, अफिम २७ ग्राम ६८ मिलिग्राम, ब्राउनसुगर २ केजी ७९ ग्राम ८४९ मिलिग्राम, बिभिन्न मनोद्धिपक क्याप्सलु २७ हजार ६ सय १८, मनोद्धिपक एम्पुल १० हजार १ सय ७५ र मनोद्धिपक औषधीहरु ३१७ क्याप्सुल नियन्त्रण गरिएको र १ हजार ७ सय ६३ रोपनी क्षेत्रफलमा लगाएको ६ लाख ७५ हजार ३ सय १४ बोट गाँजा नष्ट गरिएको छ।

साथै यस आर्थिक बर्षमा समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तरगत प्रदेश भरी बिभिन्न किसिमका सचेतना मुलक कार्यक्रमहरु तिब्रताका साथ संचालन गरिएको छ। जस अन्तरगत साईबर अपराध, आत्महत्या न्युनिकरण, ट्राफिक सचेतना, घरेलु हिंसा, महिला हिंसा, मानव बेचबिखन लागुऔषध दुर्ब्यसन लगायत ३६ हजार ८ सय ८१ स्थानमा बिभिन्न जनचेतना मुलक कार्यक्रमहरु संचालन गरीएको र उक्त कार्यक्रमबाट १० लाख ३१ हजार ३५१ जना भन्दा बढी नागरीकहरु लाभान्वित भएको कोशी प्रदेश प्रहरी कार्यालयको सभाहलमा पत्रकार सम्मेलन मार्फत सार्वजानिक गरिएको थियो।

विराटनगर। संगठन प्रमुख प्रहरी महानिरीक्षक र प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक तथा प्रदेश प्रहरी प्रमुख र प्रदेशका १४ वटै जिल्लाका प्रहरी प्रमुखहरु बिच कार्य सम्पादन सम्झौता तथा कोशी प्रदेश प्रहरीद्धारा संचालित प्रदेश सुरक्षा सुनिश्चितता अभियान अन्तरगत प्रभावकारी रुपमा प्रहरी परिचालन भई कार्यान्वयन हुँदा आर्थिक बर्ष २०७९-२०८० मा ५२ करोड भन्दा बढी राजश्व संकलन भएको वताएका छन।

सो कुरा  कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक राजेशनाथ बास्तोलाले आर्थिक बर्ष २०७९/०८० को बार्षिक कार्य सम्पादन समिक्षा प्रगति बिबरण कार्यालयको सभाहलमा बुधवार पत्रकार सम्मेलनको आयोजना गरी सार्वजानिक गर्दै वताएका हुन्।

आर्थिक बर्ष ०७९-०८० मा ८ हजार ७ सय १९ वटा विभिन्न अपराध सम्वन्धी मुद्दा दर्ता भई कानुनी कारवाहीमा र जरीवाना वापत आर्थिक वर्ष २०७९-२०८० मा कुल ५२ करोड १७ लाख ७८ हजार ८ सय ७२ रुपैयाँ राजश्व संकलन भएको जानकारी गराएका थिए।

समाजमा हुने अपराधीक घटना, फैसला कार्यान्वयन, भन्सार चोरी निकासी, नदिजन्य पदार्थ अबैध दोहन, अबैध काठ चोरी निकाशी र ट्राफिक ब्यबस्थापनमा प्रभावकारी रुपमा प्रहरी परिचाल भए अनुसार उल्लेख्य मात्रामा सफलता हासिल भएको हो। बिभिन्न अपराध सम्बन्धी मुद्धा दर्ता भई कानूनी कारवाही भईरहेको तथा फैसला

वांकी अन्तिम पेजमा...




# प्रतिबन्धित लागु औषध सहित तीन जना पक्राउ

बिराटनगर। झापा र उदयपुरको छुट्टा छुट्टै स्थानबाट प्रतिबन्धित लागुऔषध सहित तीन जनालाई प्रहरीले तीनजनालाई पक्राउ गरेको छ।

बुधवार बिषेश सुचनाको आधारमा ईलाका प्रहरी कार्यालय सिजुवा, मोरङ र ईलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले झापाको दमक नगरपालिका- ४ स्थित ४० बर्षीय सुमन भट्टाराईको घर खानतलासी गर्न क्रममा उक्त घरबाट १ ग्राम २९ मिलिग्राम ब्राउन सुगर फेला पारी भट्टाराईलाई नियन्त्रणमा लिएको थियो।

त्यसैगरी उदयपुरको त्रियुगा नगरपालिका-४ सालघारी स्थित अस्थाई प्रहरी पोष्ट बगाहबाट खटिएको प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा लहानबाट गाईघाटतर्फ आउदै गरेको ना.१ ज८६५९ नम्बरको ध्क्ष्लन्भ्च मा सवार त्रियुगा- ९ का २६ बर्षीय संजिव परियार र २३ बर्षीय बिशाल मग्रातीको साथबाट लुकाई छिपाई ल्याउदै गरेको अवस्थामा डाईजेपाम, आईपिपि एल र फेनार्गन गरी जम्मा १ सय ९ एम्पुल प्रतिबन्धित औषधी बरामद गरी पक्राउ गरेको थियो।

पक्राउ परेका तीनै जना उपर सम्बन्धित प्रहरी कार्यालयहरुबाट थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ।

# मुक्का प्रहार गर्ने भेटवाल माथि ज्यान मार्ने उद्योग कसूर

विराटनगर। मोरङ विराटनगर महानगरपालिका वडा नं. ६ बस्ने बर्ष २७ को पवन कुमार साह हलुवाईलाई विना कारण मुक्का प्रहार गरेको आरोपमा प्रहरीले विराटनगर-४ बस्ने आयुस भेटवाललाई प्रहरीले ज्यान मार्ने उद्योग कसूरमा जिल्ला सरकारी वकिल कार्यालयमा राय प्रतिवेदन पेस गरको छ।

घटनाको विवरण अनुसार जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं ४ दुध फारम अगाडि कोशी राजमार्गमा दक्षिणबाट उत्तरतर्फ जादै गरेको बा. १५ च ३४४५ नम्वरको कारमा सवार रहेका जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं.४ क्याम्पस मार्गमा भेटुवाल, जिल्ला तेह्रथूम फेदाप गाउँपालिका वडा ४ बस्ने बर्ष ३० को रोसन कार्की र सांकेतिक वतन जिल्ला ०६ बस्ने बर्ष १७ को सांकेतिक नाम विराटनगर १६९ समेत ३ जना मध्ये आयुस भेटवाल कारबाट दौडदै ओर्ली सोही बेला सडकको उत्तरबाट दक्षिण आफ्नो घरतर्फ साईकलमा गईरहेको साह हलुवाईलाई विना कारण शक्तिको प्रयोग गरी हातको मुक्काले प्रहार गरी घाईते वनाएका थिए।

पीडित सडकमा ढली तत्काल बेहोस भएकोअवस्थामा समेत खुट्टामा समाती अमानवीय शैलीमा सडकमा घिसारेको, आफुसँग साथमा कार हुँदा हुदै पनि आफैले कुटपिट गरी बेहोस अवस्थामा पुर्याएको गम्भिर घाईते साह हलुवाईलाई उपचारमा लैजानु पर्नेमा सो नगरी ज्यान मर्न सक्ने अवस्थामा पुर्याई छाडी फरार भएको थियो।

गम्भिर घाईते भएका साह हलुवाईलाई प्रहरीले उद्दार गरी तत्काल उपचारका लागि अस्पताल नपुर्याएको भए सोही स्थानमा नै मृत्यू हुने अवस्था विद्यमान रहेकोमा तत्काल प्रहरी टोलीले फेला पारी उद्दार गरी अस्पतालमा भर्ना गरेका कारण साहको ज्यान बच्न गएको थियो।

वारदातको अनुसन्धान पश्चात प्रतिवादीहरूलाई मुलुकी अपराध संहिता २०७४ को दफा १८३ (१) अन्तर्गत ज्यान मार्ने उद्योग कसूर गरेको देखिएकोले दफा १८३(२) बमोजिम सजायको माग दावी लिई राय सहितको प्रतिवेदन जिल्ला सरकारी वकील कार्यालय मोरङमा पेश गरिएको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ।






क्राईम अपरेशन
Crime Operation साप्ताहिक

# प्रहरी कर्मचारीहरूले आफ्नो व्यवहार र कार्यशैलीमा परवर्तन गर्न आवश्यक

विराटनगर । प्रहरी महा निरीक्षक बसन्त बहादुर कुँवरले प्रविधिको विकाससँगै अपराध लगायतका विभिन्न गतिविधिहरूमा परिवर्तन आएकोले प्रत्येक प्रहरी कर्मचारीहरूले आफ्नो व्यवहार र कार्यशैलीलाई समय अनुसार परिवर्तन हुन आवश्यक रहेको वताएको छ ।

नेपाल प्रहरी प्रधान कार्यालयमा सोमबार आयोजित आर्थिक वर्ष २०८०/०८१ को वार्षिक कार्यसम्पादन सम्झौता हस्ताक्षर कार्यक्रमलाई सम्वोधन गर्दै प्रहरी महानिरीक्षक कुँवरले उक्त कुरा बताएको थियो ।



आर्थिक वर्ष २०८०/०८१ को वार्षिक कार्यसम्पादन सम्झौता हस्ताक्षर गर्दै ।

कार्यक्रममा प्रहरी महानिरीक्षक कुँवरले कार्य सम्पादन सम्झौतामा सिर्जनशील तथा प्रवर्धनात्मक कार्यक्रमहरू समावेश गरिएको हुँदा सम्पूर्ण प्रहरी कार्यालयहरूले आफ्नो कार्यशैलीमा सिर्जनशिलता देखाउँदै कार्यसम्पदान सम्झौताको उद्देश्य प्राप्तिका लागि दत्तचित भएर काम गर्नुपर्ने वताए । नेपाल सरकारले रूपान्तरणको नीतिलाई आत्मसात् गर्दै अगाडि बढेको अवस्थामा यो अवसरलाई सदुपयोग गर्दै प्रत्येक प्रहरी कर्मचारीहरुले सकारात्मक भई प्रहरी कार्यमा सुशासन कायम गर्ने, आन्तरिक शुद्धिकरण गर्ने, नागरिकमैत्री बन्ने र पूर्ण व्यावसायिक बन्दै निष्ठामा रहेर प्रहरीको छवि सुधार्ने काम गर्न निर्देशन दिनु भएको थियो ।

कार्यक्रममा नेपाल प्रहरी प्रधान कार्यालय अन्वेषण योजना तथा विकास निर्देशनालयका प्रमुख प्रहरी नायव महानिरीक्षक बिष्णु कुमार केसीले स्वागत मन्तव्य व्यक्त गर्दै दुई आर्थिक वर्षको लागि तयार पारिएको नेपाल प्रहरी कार्ययोजना-२०८० स्वीकृत भएपश्चात वार्षिक कार्यसम्पादन सम्झौतामा हस्ताक्षर कार्यक्रम तय गरिएको जानकारी दिनुभएको थियो ।

कार्यक्रममा प्रहरी महा निरीक्षक बसन्त बहादुर कुँवर र नेपाल प्रहरी अस्पतालका मेडिकल डाईरेक्टर प्राविधिक प्रहरी अतिरिक्त महानिरीक्षक डा. आशा सिंह, राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक प्रहरी अतिरिक्त महानिरीक्षक टेक प्रसाद राई, काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रमुख प्रहरी अतिरिक्त महा निरीक्षक श्यामलाल ज्ञवाली, केन्द्रीय अनुसन्धान ब्यूरोका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक किरण बज्राचार्य तथा नेपाल प्रहरी प्रधान कार्यालय अन्तर्गत प्रशासन विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक दिपक थापा, अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङ, मानवस्रोत विकास विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सन्दिप भण्डारी, कार्य विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक मिरा चौधरी, प्रदेश समन्वय विभागका प्रहरी अतिरिक्त महानिरीक्षक सुदिप गिरी र ७ वटै प्रदेश प्रहरी कार्यालयका प्रमुखहरूबीच कार्यसम्पादन सम्झौतामा हस्ताक्षर भएको छ ।

कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकहरु, सात वटै प्रदेश प्रहरी कार्यालयका प्रमुखहरू, वरिष्ठ प्रहरी अधिकृतहरुको उपस्थिति एवम् जिल्ला प्रहरी कार्यालयका प्रमुखहरूको भर्चुअल उपस्थिति रहेको थियो ।

# माइती नेपाललाई एम्बुलेन्स दिने सांसद शर्माको घोषण

विराटनगर । प्रतिनिधि सभा सदस्य डा.सुनिल शर्माले माइती नेपाललाई एम्बुलेन्स प्रदान गर्ने घोषणा गरेका छन् । मानव बेचविखन विरुद्धको विश्व दिवसको अवसरमा माइती नेपालले काठमाडौंमा आयोजना गरेको कार्यक्रममा बोल्दै सांसद शर्माले यस्तो घोषणा गरेका हुन् ।

सिएनएन हिरोसमेत बनिसकेकी अनुराधा कोइरालाले सञ्चालन गरेको माइती नेपालले महिला तथा बालबालिका बेचविखन विरुद्ध काम गर्दै आएको छ । सो संस्थाले एम्बुलेन्सको स्वीकृति लिएको ७२ घण्टाभित्र एम्बुलेन्स खरिद गरिदिने सांसद शर्माले बताए ।

मोरङको क्षेत्र नं.३ बाट निर्वाचित सांसद शर्माले यसअघि पनि विभिन्न सामाजिक संघ संस्थालाई एक दर्जन बढी एम्बुलेन्स दिइसकेका छन् । पूर्वी पहाडी जिल्ला पाँचथर र कर्णाली प्रदेशको विकट जिल्ला कालीकोटमा पनि सांसद शर्माले एम्बुलेन्स दिएका छन् । झापा, मोरङमा पनि सांसद शर्माले प्रदान गरेका एम्बुलेन्सबाट धेरै विरामीले सेवा पाइरहेका छन् ।

काठमाडौंको सिनामंगल स्थित काठमाडौं मेडिकल कलेजको अध्यक्ष हुँदा डा.शर्माले २०७८ असार ११ गते माइती नेपालसँग सम्झौता गरी यौनकर्मी, एचआइभी संक्रमण पीडित तथा अनाथ बालबालिकालाई ५० लाख बराबरको नि:शुल्क उपचार गर्ने व्यवस्था मिलाइदिएका थिए ।

माइती नेपालमार्फत आउँनेलाई दिइदै आएको नि:शुल्क उपचार सेवालाई निरन्तरता दिइने सांसद शर्माले जानकारी दिएका छन् ।

## विचित्र संसार

# आमाकै प्रस्तावमा एक सय जना पुरुषसँग डेटिङ

कुनै पनि बाउआमालाई आफ्ना छोराछोरी किशोरा वस्थामा लागेसँगै गलत सँगतमा पो लाग्छन् कि भन्ने चिन्ता हुन्छ ।

हामीकहाँ अभिभावकहरु छोरीहरुप्रति अतिरिक्त रुपमा सचेत हुन्छन् । आफ्नी अविवाहित छोरी कोही केटासँग डेटिंगमा जाने कुरा अभिभावकहरुले सहजै स्वीकार गर्न सक्दैनन् ।

पढ्ने लेख्ने र करिअर बनाउने उमेरमा प्रेम तथा डेटिंगको चक्करमा नपर्नका लागि सुझाव दिन्छन् अभिभावकहरु आफ्ना सन्तानलाई । तर, अमेरिकामा एकजना यस्ती आमा फेला परेकी छिन् जसले आफ्नी छोरीलाई एकदुईजना मात्र होइन १०० जना केटासँग डेटिंग गर्न अनुमति दिइन् । आमाको अनुमति अनुसार नै ती युवतीले सयजना युवकसँग डेटिंग गरिसकेकी छिन् ।

आमाकै अनुमतिले १०० जना पुरुषसँग डेटिंग गर्ने ती युवतीको खुलासा उनकै बहिनीले गरिदिएकी छिन् । आफ्नी दिदीले विवाह हुनअघि एक वर्षको अवधिभित्रै १०० जना पुरुषसँग डेटिंग गरेको उनले बताएकी छिन् ।

छोरीलाई १०० जना मर्दसँग डेटिंग गर्न प्रेरित गर्दै युवतीकी आमाले ५०० डलर बराबरको रकम दिएकी थिइन् । साथै उनले १०० जना केटासँग डेटिंग पूरा गरेपछि आफूलाई बताउन र त्यसपछि घर फर्किन छोरीलाई अह्राइन् ।

एक वर्षभित्रमा १०० जना पुरुषसँग डेटिंग गरेकी ती युवतीकी बहिनी एलिस क्यारोलिनले यो कुराको खुलासा गर्दै टिकटकमा एक भिडियो पोस्ट गरेकी छिन् । एलिस चर्चित टिकटकर हुन् र उनको टिकटकमा लाखौं फलोअर्स छन् ।

उक्त भिडियोमा सयजना मर्दसँग डेट पूरा गरेको उपलक्ष्यमा ती युवतीले आफ्नी बहिनी एलिसलगायतसँग केक काटेर सेलिब्रेट गरिरहेको देखिन्छ ।

साथै एलिसले आफ्नी दिदीले डेट गरेका पुरुषहरुको नामको सूची पनि सार्वजनिक गरेकी छिन् । सो भिडियो निकै भाइरल बनिरहेको छ ।

समाचार अनुसार बिहेपछि छोरीको मनमा पुरुषप्रतिको कुनै डर बाँकी नरहोस् भनेर आमा चाहिँले ती युवतीलाई १०० जना पुरुषसँग डेट गर्ने अनुमति दिएकी थिइन् ।







